# उच्च माध्यामिक स्तरका विद्यालय
# भरनाका लागी रकमको सहयोग प्राप्तिका निमित्त गरिने कागज प्रक्रिया

ネパール語

उच्च माध्यामिक स्तरका विद्यालय भरनाका लागी सहयोग रकम (आइन्दा, "विद्यालय भरनाका लागी सहयोग रकम" भनिने) भनेको, निम्न लिखित सर्त पुरा गरेका विद्यार्थीहरूको पढाइ शुल्क विद्यार्थीको सट्टामा सरकारद्वारा बेहोरिने प्रणाली हो।ऋणमा दिइने छात्रवृत्ति प्रणालीमा जस्तो रकम फिर्ता गर्नु आवश्यक हुँदैन। नयाँ भरना हुने प्रथम वर्षिय विद्यार्थीले अप्रिल र जुलाइ महिना गरि २ पटक कागज प्रक्रिया गर्नुपर्ने हुन्छ। (जुलाइ महिनाको कागज प्रक्रिया हरेक वर्ष आवश्यक पर्छ।)

उपलब्ध गराइ पाउनका लागी आवश्यक बुँदाहरू

○ अभिभावकको "सिच्योसोनमिनजे स्योतोकुवारिगाकु (व्यक्तिको आम्दानी अनुसार तोकिएको तिर्नुपर्ने गाउँ वा नगरवासी कर रकम)" ३, ०४, २०० यन भन्दा कम हुनु पर्ने।

वार्षिक आम्दानी लगभग ९१, ००, ०००यन सम्म हुनु पर्ने तर पालन पोषण आदिका सर्त अनुसार फरक पर्न सक्छ।

अप्रिल महिनामा अघिल्लो वर्षको रकम र जुलाई महिनामा चालू वर्षको रकम अनुसार निर्धारण गरिन्छ।

मातापिता दुबैको आम्दानी रहेको छ भने त्यसको कुल रकम अनुसार तोकिन्छ।

○ उच्च माध्यामिक विद्यालयमा अध्ययनरत कुल अवधि ३६ महिना भन्दा बढी हुन नहुने।

रात्री वा निर्धारित समयमा मात्र हुने शैक्षिक प्रणाली (तेइजिसे) तथा सन्चार माध्याम (चुसिनसे) द्वारा हुने शैक्षिक प्रणालीको सन्दर्भमा ४८ महिना हो।राष्ट्रिय, सरकारी वा निजि स्तरका जुनसुकै विद्यालयमा पनि लागु हुनेछ।

○ निवेदन पत्र र कराधान प्रमाण पत्र आदि तोकिएको म्याद भित्र विद्यालयमा पेस गर्ने।

निवेदन पत्र तोकिएको म्याद भित्र पेस गर्न नसकेमा वा रकम उपलब्ध गराइ पाउने वर्गमा नपरेको खण्डमा, पढाइ शुल्क तिर्नुपर्ने हुन्छ। पढाइ पढाइ शुल्क, वार्षिक १, १८, ८००यन हो र कुल चार पटकको किस्ताबन्दी द्वारा तिर्नुहोला। विद्यालय भरनाका लागी सहयोग रकम उपलब्ध गराइ पाउनको लागी छानबिन परिक्षा लिइन्छ। अप्रिल महिनामा पेस गरिएका निवेदनहरू प्रति लिइएका छानबिन परिक्षाको नतिजा जुलाइ महिनाको सुरु तिर हुने (योजना गरिएको) र सोको सुचना विद्यालयको माध्याम द्वारा उपलब्ध गराइने छ।

कागज प्रक्रिया गर्नका लागी आवश्यक कराधान प्रमाण पत्र आदिको बारेमा

१) 課税証明書（かぜいしょうめいしょ） कराधान प्रमाण पत्र गाउँ वा नगर पालिकाको कर सम्बन्धी विभागको कक्षद्वारा जारी गरिन्छ। सशुल्क हो।

- आम्दानी बाट गरिने कट्टि वा पालन पोषण कर्ताले तिर्नु पर्ने कर रकमबाट पाउने छुट सम्बन्धीका बुँदाहरूलाई छोटकरीमा नगरि नगरि सम्पुर्ण विवरण पेस गर्नुपर्ने हुन्छ।

- जीवन यापन आरक्षणको (सेकाचुहोगो)रुपमा रकम उपलब्ध गराइ पाएका परिवारका सदस्यले生活保護受給証明書（せいかつほごじゅきゅうしょうめいしょ）

  証明書（しょうめいしょ） जीवन यापन आरक्षण रकम प्राप्त प्रमाण पत्र पेस गर्नुहोला।

- 課税証明書（かぜいしょうめいしょ） कराधान प्रमाण पत्र र 生活保護受給証明書（せいかつほごじゅきゅうしょうめいしょ） जीवन यापन आरक्षण रकम प्राप्त प्रमाण पत्र दुबै ३ महिना भित्र जारी गरिएका पत्रको सक्कलको आवश्यकता हुन्छ। फोटोकपी अमान्य हुनेछ। पेस गरिएका सक्कल प्रतिहरू फिर्ता गरिने फिर्ता गरिने छैन।

२) 課税証明書（かぜいしょうめいしょ） कराधान प्रमाण पत्रको बदलामा निम्न लिखित कागज पत्रको फोटोकपी भएमा मान्य हुनेछ।

- तलबवाला (मासिक तलब प्राप्त गर्ने कर्मचारीको) परिवार जसको आम्दानी सोही तलब मात्र हो, यस्ता व्यक्तिले अघिल्लो वर्षको वर्षको मे महिना देखी जुन महिना तिर कार्यालयबाट दिइने "特別徴収税額（とくべつちょうしゅうぜいがく）" तोकुबेचु च्योस्यु जेगाकु(कुनै एक व्यक्तिको कार्यालयद्वारा सो व्यक्तिले तिर्नु पर्ने बसोबास कर रकम मध्य १२औं भागको १भाग प्रति महिना उक्त व्यक्तिको तलब बाट कट्टि गरि गरि गाउँ वा नगर कार्यालयमा बुझाइने रकम)को 決定通知書（けっていつうちしょ） निर्धारण पत्र 納税義務者用（のうぜいぎむしゃよう） कर तिर्नुपर्ने व्यक्तिका लागी)"
- स्वाधीन व्यवसायी (जिएग्यो) परिवार आदिका व्यक्तिले अघिल्लो वर्षको मे महिना देखी जुन महिना तिर गाउँ नगरपालिकाको कार्यालयद्वारा पठाइने 納税通知書（のうぜいつうちしょ） "नोजेचुचिस्यो (कर तिर्न भनि पठाइएको पत्र)"
- माथी उल्लेखित दुबै कागज पत्र 課税証明書（かぜいしょうめいしょ） कराधान प्रमाण पत्रको बदलामा" प्रमाण पत्र" को रूपमा पेस गर्नुपर्ने कागज भएको भएको हुनाले, आर्थिक वर्ष, ठेगाना, नाम, आम्दानी बाट कट्टि वा पालन पोषण गर्नु पर्ने कारणले करमा लाग्ने छुट रकम सम्बन्धीको विवरण आदि जुन कागज भएपनि जारीकर्ताको नाम तथा औपचारीक इनकान छाप सबै स्पस्ट रूपमा पहिचान गर्न सकिने कुराको कुराको आवश्यकता हुन्छ।
- संसोधित पेस निवेदन वा कर कार्यालय आदिद्वारा हुन गएको गलतीको कारणले संसोधित कर रकममा परिवर्तन आएको खण्डमा खण्डमा वा अन्य आम्दानी भएको खण्डमा 課税証明書（かぜいしょうめいしょ） कराधान प्रमाण पत्रको आवश्यकता हुन्छ।
- वास्तविक साइजलाई खण्डित गर्ने वा बढाइचढाइ नगरिकन सम्पुर्ण भागＡ３साइजको कागजमा अट्ने गरि फोटोकपी गर्नुहोला। गर्नुहोला।
- थुप्रो पृष्ठका 納税通知書（のうぜいつうちしょ） कर तिर्न भनि पठाइएको पत्रहरूको सबै पृष्ठहरू वास्तविक साइजलाई खण्डित गर्ने वा बढाइचढाइ नगरिकन सम्पुर्ण भाग फोटोकपी गर्नुहोला।
- 源泉徴収票（げんせんちょうしゅうひょう） गेनसेनच्योस्युह्यो(भन्नाले कुनै व्यक्तिलाई तलब वा कुनै आम्दानी रकम उपलब्ध गराउने निकायद्वारा निश्चित रकम कट्टि गरि सरकारलाई बुझाइएको बील पत्र)वा 確定申告書（かくていしんこくしょ） काकुतेसिनकोकुस्यो (भन्नाले जनवरी महिनाको१ तारिख देखी डिसेम्बर महिनाको३१ तारिक भित्रका आम्दानी, खर्च, औषधीमुलो खर्च वा चन्दा रकम, पालन पोषण गर्नुपर्ने

परिवारको अवस्था आदिको हिसाब बाट वास्तविक आम्दानीको बारेमा कर कार्यालयमा पेस गर्ने जानकारी पत्र)को नक्कल प्रति को प्रति को बदलामा 課税証明書(かぜいしょうめいしょ) कराधान प्रमाण पत्र मान्य हुनेछैन।

## छात्रवृत्तिका लागी अनुदान रकम उपलब्ध गराइ पाउनका लागी आवश्यक कागज प्रक्रिया

छात्रवृत्तिका लागी अनुदान रकम (आइन्दा, "छात्रवृत्ति अनुदान रकम" भनिने), सबै अभिभावक (मातापिता दुबै)को "सिच्योसोनमिनजे स्योतोकुवारिगाकु" मा कर नलाग्ने परिवारले (आइन्दा, "कर नलाग्ने परिवार" भनिने) , अथवा जीवन यापन आरक्षण रकम उपलब्ध गराइएको परिवारले पढाइ शुल्क बाहेकका शैक्षिक शुल्क तिर्ने रकमको रूपमा प्रयोग गर्न सकोस् भन्ने हेतुले उपलब्ध गराइने रकम हो र उक्त रकम फिर्ता गर्न फिर्ता गर्न आवश्यक पर्दैन। निवेदन कागज प्रक्रिया अभिभावकको बसाईं रहेको अञ्चलमा वर्षको १ पटक जुलाइ महिनामा गरिन्छ।

उपलब्ध गराइने रकम (वार्षिक रकम) जीवन यापन आरक्षण रकम उपलब्ध गराइएको परिवारलाई ३२, ३००यन र कर नलाग्ने परिवारलाई ७५, ८००यन हो।

यद्यपी, कर नलाग्ने परिवारमा पालन पोषण हुने माइलो वा सो भन्दा कान्छो उमेरका सन्तान जो उच्च माध्यामिक विद्यालयमा अध्यनरत छन्, छन्, अथवा कर नलाग्ने परिवारमा उच्च माध्यामिक विद्यालयमा अध्यनरत बाहेक १५ वर्ष भन्दा बढी र २३ वर्ष भन्दा कम उमेरका माध्यामिक विद्यालयमा अध्यनरत बाहेकका दाजुभाई दिदीबहिनी रहेका खण्डमा १, २९, ७००यन हुनेछ। यस्तो अवस्थामा, परिवारको पालन पोषण सम्बन्धी अवस्थालाई प्रमाणित गर्ने कागज पत्र पनि छुट्टै पेस गर्नुपर्ने हुन्छ।

विद्यालय भरनाका लागी सहयोग रकम र छात्रवृत्ति अनुदान रकम फरक फरक प्रणाली भएको हुनाले अभिभावक सबैको कर छुट गरिएको गरिएको सम्बन्धी प्रमाणित गर्ने कागज पत्रको आवश्यक्ता हुन्छ।साथै, छात्रवृत्ती अनुदान रकम लिन प्रयोग हुने बैंक खाताको निश्चय गर्नका लागी लागी चेक बुकको फोटोकपी पेस गर्न आवश्यक हुनेछ।

जानकारीका लागी विद्यालय अथवा ओशाका महानगर पालिका शिक्षा अड्डा भवन आर्थिक विभाग (०६－६९४१－०३५१)मा सम्पर्क राख्नुहोला।